**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **सुरेन्द्र कुमार पौडेल, कमल राज पौडेल, डेमलाल खनाल, महेश प्रसाद काफ्ले, भरत प्रसाद नेपाल, नवल किशोर साह, पवन कुमार लाल कर्ण** र **ध्रुब बहादुर देवकोटा** मु.नं (०८०-CR-००८७) फैसला मिति २०८१/०२/३१ | गैरकानुनी लाभहानी पुर्याउने बदनियतले काम गरी गराई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• उदयपुर सिमेन्ट उद्योगका तत्कालिन महाप्रबन्धक सुरेन्द्र कुमार पौडेल, तत्कालिन नायव महाप्रबन्धक नवल किशोर साह, तत्कालिन का.मु. उपनिर्देशक पवन कुमार लाल कर्ण, तत्कालिन प्रबन्धक भरत प्रसाद नेपाल, अधिकृत छैटौं डेमलाल खनाल, तत्कालिन नायब महाप्रबन्धक (प्लान्ट सपोर्ट) महेश प्रसाद काफ्ले, तत्कालिन प्रबन्धक कमलराज पौडेल र तत्कालिन निर्देशक (प्रा) ध्रुब बहादुर देवकोटा समेतले विना अध्ययन, आवश्यकताको पहिचान र औचित्य समेत एकिन नगरी लागत अनुमानसमेत नवनाई आश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढी सामान खरिद गरी गराई हालसम्म परिक्षण नगरिएको, सञ्चालनमा नरहेको उक्त १६० KW को रू.२२,७८,३०५।६० (अक्षेरूपी बाइस लाख अठहत्तर हजार तिन सय पाँच रूपैया साठी पैसा) बराबरको रकम भूक्तानी दिई दिन लगाई उदयपुर सिमेन्ट उद्योगलाई गैरकानूनी हानी पुगेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरु सुरेन्द्र कुमार पौडेल, नवल किशोर साह, पवन कुमार लाल कर्ण, भरत प्रसाद नेपाल, डेमलाल खनाल, कमलराज पौडेल, ध्रुब बहादुर देवकोटा र महेश प्रसाद काफ्लेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (क) र (च) बमोजिमको कसुरमा विगो रू.२२,७८,३०५।६० (अक्षेरूपी बाइस लाख अठहत्तर हजार तिन सय पाँच रूपैया साठी पैसा) कायम गरी निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगोसमेत असुल उपर हुन साथै उदयपुर सिमेन्ट उद्योग लिमिटेडका तत्कालिन महाप्रबन्धक सुरेन्द्र कुमार पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लेखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी सुरेन्द्र कुमार पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• परामर्शदातामा नियुक्त Pyro Expert Consult MARIA SUSAI को प्रतिवेदनले VFD को आवश्यकता र औचित्य पुष्टि गरिरहेको देखिन्छ।<br>• प्रतिवादीहरुको बयान र स्वयंम् वादीका साक्षीले Variable Frequency Drive(VFD) जडान गर्ने विशेषज्ञताको ज्ञान र अनुभव भएको दक्ष प्राविधिक उपलब्ध नहुँदा सञ्चालन गर्न कठिनाई परेको भनि बकपत्र गरेको देखिन्छ।<br>• निज प्रतिवादीहरुको उक्त खरिद कार्यमा कुनै बदनियत रहेको पुष्टि नभएको र प्रयोग नभएको VFD सामान तर्फ खरिद भएको कुल सामानको मूल्य र संख्या समेतको आधारका हेर्दा अस्वभाविक रुपमा आवश्यकता भन्दा बढी खरिद गर्ने कार्य भएको भन्ने समेत नदेखिएको। | • उदयपुर सिमेन्ट उद्योगका तत्कालिन महाप्रबन्धक सुरेन्द्र कुमार पौडेल लगायतले आवश्यकता र औचित्य नभएको प्राविधिक दृष्टिले रितपूर्वक माग नभएको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ विपरित भुक्तानी गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानबिन गरी कारबाही गरि पाँउ भन्ने समेत व्यहोराको उजुरी/निवेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा उदयपुर सिमेन्ट उद्योग लिमिटेडले Variable Frequency Drive(VFD) खरिद गर्दा खरिद गर्न लागेको सामान/बस्तुको आवश्यकता अध्ययन नगरी नियमानुसार तयार गर्नु पर्ने लागत अनुमानसमेत तयार नगरी स्वदेशी बोलपत्रदाताहरु बिच मात्र प्रतिस्पर्धा गरिद गर्नु पर्नेमा विदेशी बोलपत्रदाता (भारत) M/S Electro tech System, No.२१, Srinivasa Nagar, Kamarajar 3rd Cross Street, Padi, Chennai, India को बोलपत्र स्वीकार गरी गराई भा.रु.२७,९५,६००।-को हुने मू.अ.कर बाहेक रु.४४,७७,१५३।४० मा जम्मा ५ वटा आईटम गरिद गर्ने भनी मिति २०७४/०८/१७ मा सम्झौता समेत गरेको तथ्य मिशिल संलग्न खरिद कागजातहरुबाट देखिन्छ। खरिद भएका मध्ये सबै भन्दा बढी मूल्यको मुख्य VFD १६०KW VFD Panel (Part-A) भा.रु.१४,२३,९४१/-(ने.रु.२२,७८,३०५।६०) भुक्तानी गरेको देखिएकोमा उक्त सामान/वस्तुको गुणस्तर परिक्षण गराएको देखिंदैन भने भुक्तानी गर्ने अधिकार प्राप्त अधिकारी सुरेन्द्र कुमार पौडेलबाट नभई एक तह मुनिको निमित्त महाप्रबन्धक नवल किशोर साहबाट भएको र महाप्रबन्धकबाट आर्थिक अधिकार प्रत्यायोजन भएको समेत नदेखिएको र महाप्रबन्धकबाट समर्थन गर्ने गरी भनि भुक्तानी भएको तर महाप्रबन्धकबाट समर्थन भए गरेको देखिदैन।उक्त सबै भन्दा बढी मूल्यको मुख्य VFD १६०KW VFD Panel (Part-A) सामान हाल सम्म उदेश्यपरक रुपमा संचालन नै नगरी तथा परिक्षण नै नगरी यत्तिकै प्रयोगविहिन अवस्थामा राखेको तथ्य मिशिल संलग्न स्थलगत प्रतिवेदन समेतबाट पुष्टि भएको देखिन्छ ।प्रतिवादी कमल राज पौडेल अदालत समक्ष गरेको बयानमा परामर्शदातामा नियुक्त (Pyro Expert Consult MARIA SUSAI) को प्रतिवेदनको सम्बन्धमा खुलाएको देखिएतापनि अनुसन्धानको क्रममा बयान गर्दा उक्त प्रतिवेदन पेश गरेको पनि देखिदैन भने सो सम्बन्धमा कुनै कुरा उल्लेख गरेको समेत नदेखिएकोमा पछि अदालत समक्ष पेश गरेको उक्त प्रतिवेदनको न्यायिक परीक्षण हुन सकेको देखिंदैन।यसरी उदयपुर सिमेन्ट उद्योग लिमिटेडका तत्कालिन महाप्रबन्धक सुरेन्द्र कुमार पौडेल, तत्कालिन नायब महाप्रबन्धक नवल किशोर साह, तत्कालिन का.मु. उप निर्देशक पवन कुमार लाल कर्ण, तत्कालिन प्रबन्धक भरत प्रसाद नेपाल, अधिकृत नवौं डेमलाल खनाल, तत्कालिन प्रबन्धक कमलराज पौडेल, तत्कालिन निर्देशक (प्रा.)ध्रुब बहादुर देवकोटा र महेश प्रसाद काफ्लेले एकआपसमा मिलेमतो गरी बदनियतपूर्वक विना अध्ययन, आवश्यकताको पहिचान र औचित्य समेत एकिन नगरी लागत अनुमान समेत नवनाई आश्यक पर्ने भन्दा अन्य ४ आइटम भन्दा फरक सबै भन्दा बढी मूल्यको मेसिन VFD १६०KW VFD Panel (Part-A) खरिद गरी भा.रु.१४,२३,९४१/-(ने.रु.२२,७८,३०५।६०) भुक्तानी गरी गराई जम्मा रू.२२,७८,३०५।६० (अक्षेरूपी बाइस लाख अठहत्तर हजार तिन सय पाँच रूपैया साठी पैसा) रकम उदयपुर सिमेन्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा २४ बमोजिम थप सजाय हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु सुरेन्द्र कुमार पौडेल, नवल किशोर साह, पवन कुमार लाल कर्ण, भरत प्रसाद नेपाल, डेमलाल खनाल, कमलराज पौडेल, ध्रुब बहादुर देवकोटा र महेश प्रसाद काफ्ले आरोप दाबीबाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ। | | उद्योगलाई गैरकानूनी हानी पुर्याई भ्रष्टाचारजन्य कसूर गरेको उल्लिखित तथ्य मिशिल संलग्न प्रतिवेदक सुमन धिताल, नसिव आचार्य समेतको स्थलगत प्राविधिक प्रतिवेदन एवं मुचुल्का समेत प्रमाणहरुबाट पुष्टि हुँदाहुँदै सो प्रमाणको विश्लेषण नगरि, Pyro Expert Consult MARIA SUSAI को प्रतिवेदनको न्यायिक परीक्षण नै नभएको प्रतिवेदनलाई आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भएकोले बदर भागी छ।<br>• उदयपुर सिमेन्ट उद्योगको प्रस्तुत मुद्दाको उजुरीको सम्बन्धमा छानविन गर्न मिति २०७९/१०/१० मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट संयोजक बालकृष्ण निरौलाको संयोजकत्वमा गठित समितिका पदाधिकारी बालकृष्ण निरौला, रिवाज भण्डारीले अदालत समक्ष उपस्थित भई VFD खरिद सम्बन्धमा पेश गरेको रायमा भएको बेहोरा र सहिछाप म समेतको हो, सोमा लेखिएको बेहोरा ठिक साँचो हो भनि बकपत्र गरिदिएको देखिन्छ। यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुमन धिताल, नसिव आचार्य समेतका प्राविधिक सहितको टोलीले मिति २०८०/०३/२८ पेश गरेको स्थलगत निरिक्षण प्रतिवेदन तथा मुचुल्काका साक्षी  सुमन धिताल, नशिव आचार्य र विनोद वस्तीले अनुसन्धानको क्रममा पेश गरेको प्राविधिक प्रतिवेदन र मुचुल्कामा भएको सहिछाप म समेतको हो सो मा भएको बेहोरा ठिक साँचो छ, VFD १६०KW VFD Panel (Part-A) मेसिन खरिद भएको समय देखि संचालनमा नभएको र हाल संचालन गर्न नसकिने भनि उद्योगका जिम्मेवार पदाधिकारीहरुले भनेका र संचालन गर्न लगाउँदा समेत संचालन नभएको हो भनी बकपत्र गरिदिए समेतबाट उक्त बकपत्र समेतलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गरी फैसला गर्नु पर्नेमा उल्लिखित  तथ्य प्रमाणहरुलाई नजरअन्दाज गरी वादीका साक्षीले कही कतै उल्लेख नगरेको कुरा Variable Frequency Drive(VFD) जडान गर्ने विशेषज्ञताको ज्ञान र अनुभव भएको दक्ष प्राविधिक उपलब्ध नहुँदा सञ्चालन गर्न कठिनाई परेको भन्ने बनावटी आधार बनाई भएको उक्त फैसला त्रुटिपूर्ण रहेकोले बदर भागी छ।<br>• प्रतिवादीहरुले उक्त खरिद कार्यमा कुनै बदनियत रहेको पुष्टि नभएको  र प्रयोग नभएको VFD सामान तर्फ खरिद भएको कुल सामानको मूल्य र संख्या समेतको आधारमा हेर्दा अस्वभाविक रुपमा आवश्यकता भन्दा बढी खरिद गर्ने कार्य भएको भन्ने आधारको सन्दर्भमा हेर्दा,  सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे विरुद्ध नेपाल सरकार  भएको सर्वोच्च अदालत वुलेटिन,वर्ष १८,अंक १५,मंसिर २०६६,पूर्णाङ्क ४१७,पृष्ठ १९मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिन वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ"। भन्ने नजिर सिद्धान्त प्रतिपादन समेत भएको अवस्थामा प्रस्तुत मुद्दामा पनि प्रतिवादीहरुको क्रियातत्व हेर्दा प्रतिवादीहरुले बदनियतपूर्वक विना अध्ययन, आवश्यकताको पहिचान र औचित्य समेत एकिन नगरी नियमानुसार तयार गर्नु पर्ने लागत अनुमानसमेत तयार नगरी स्वदेशी बोलपत्रदाताहरु बिच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेमा विदेशी बोलपत्रदाता (भारत) M/S Electro tech System, No.२१, Srinivasa Nagar, Kamarajar 3rd Cross Street, Padi, Chennai, India को बोलपत्र स्वीकार गरी गराई भा.रु.२७,९५,६००।– को हुने मू.अ.कर बाहेक रु.४४,७७,१५३।४० मा जम्मा ५ वटा आईटम गरिद गर्ने भनी मिति २०७४/०८/१७ मा सम्झौता समेत गरेको देखिन्छ। खरिद भएको मध्ये सबै भन्दा बढी मूल्यको VFD १६०KW VFD Panel (Part-A) उक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सामान/वस्तुको गुणस्तर परिक्षण गराएको देखिंदैन भने भुक्तानी गर्ने अधिकार प्राप्त अधिकारी सुरेन्द्र कुमार पौडेलबाट नभई एक तह मुनिको निमित्त महाप्रबन्धक नवल किशोर साहबाट भएको र महाप्रबन्धकबाट आर्थिक अधिकार प्रत्यायोजन भएको समेत देखिंदैन महाप्रबन्धकबाट समर्थन गर्ने गरी भनि भुक्तानी भएको तर महाप्रबन्धकबाट समर्थन भए गरेको देखिदैन। उक्त सबै भन्दा बढी मूल्यको मुख्य VFD १६०KW VFD Panel (Part-A) हाल सम्म उदेश्यपरक रुपमा जडान नै नगरी तथा परिक्षण नै नगरी यत्तिकै थन्काएर राखेको अवस्थामा रहेको देखिएबाट आश्यक पर्ने ४ आइटम भन्दा फरक र सबै भन्दा बढी मूल्यको मेसिन VFD १६०KW VFD Panel (Part-A) खरिद गरी भा.रु.१४,२३,९४१/-(ने.रु.२२,७८,३०५।६०) भुक्तानी गरी गराई जम्मा रू.२२,७८,३०५।६० (अक्षेरूपी बाइस लाख अठहत्तर हजार तिन सय पाँच रूपैया साठी पैसा) रकम उदयपुर सिमेन्ट उद्योगलाई गैरकानूनी हानी पुर्याउने बदनियतले कार्य गरी भ्रष्टाचारजन्य कसूर गरेकोको पुष्टि हुँदा हुँदै उल्लिखित नजिर सिद्धान्तको प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटि पूर्ण रही बदर भागी छ। |